# चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन, २०७९

## चन्द्रकोट गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९

**प्रस्तावना:** चन्द्रकोट गाउँपालिकाको आर्थिक ऐन प्रस्ताव, २०७९ लाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चन्द्रकोट गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहने छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. **सम्पति कर:** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. **घर बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. **व्यवसाय कर:** गाउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ।

६. **जडिबुटी, कवाडी, र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूचीहरुमा उल्लेखित दररेट बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

७. **फोहोरमैला कर:** गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यवसाय तथा व्यापारजन्य कारोबार भएका संस्थाहरु, घर, नीजि तथा सार्वजनिक संस्थाहरुबाट उत्सर्जित

फोहोर संकलन गरेबापत अनुसूची (५) बमोजिम फोहोरमैला कर लगाइने र असुल उपर गरिनेछ।

८. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र विभिन्न संघसंस्था, समुह तथा व्यक्तिले मेला महोत्सव, मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गरेबापत अनुसूची (७) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** गाउँपालकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१२. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोकेअनुसार हुनेछ।

## अनुसूची - १

### सम्पत्ति कर (घर कर)

### ऐनको दफा २ सँग सम्बन्धित

| क.सं | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १. | पक्की घर | १ तलासम्मको प्रति बर्ष | २५० | |
| २. | पक्की घर | २ तलासम्मको प्रति बर्ष | ३०० | |
| ३. | पक्की घर | ३ तलासम्मको प्रति बर्ष | ४०० | |
| ४. | पक्की घर | ४ तलामाथिको प्रति बर्ष | ५०० | |
| ५. | कच्ची घर | छाप्रो, खरको छानो बजारबाहेकको | नि:शुल्क | |
| ६. | कच्ची घर | छाप्रो, बजारक्षेत्रमा | १०० | |
| ७. | कच्ची घर | टिन, स्लेट, ढुङ्गा टायल छाना भएको घर गाउँ | ५० | |
| ८. | कच्ची घर | टिन,स्लेट, ढुङ्गा टायल छाना भएको घर बजार | २०० | |
| एकीकृत सम्पत्ति कर लागू भएमा सोही बमोजिम हुने। | | | | |

## अनुसूची - २

### भुमि कर (मालपोत)

### ऐनको दफा ३ सँग सम्बन्धित

| क.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १. | मालपोत कर | अब्वल (प्रति रोपनी) | २५ | |
| | | दोयम (प्रति रोपनी) | २० | |
| | | सीम (प्रति रोपनी) | १० | |
| | | चहार (प्रति रोपनी) | ५ | |

नोट : एक वर्ष भित्र कर नबुझाउनेलाई जम्मा कर रकममा १०%,र सो भन्दा बढि समय कर नबुझाउनेलाई प्रत्येक थप वर्षको थप १०% का दरले जरिवाना लाग्ने छ। आ.ब. २०७८/०७९ भन्दा अगाडिको मालपोत रकम र जरिवाना १० प्रतिशत प्रतिवर्ष लाग्ने छ।

## अनुसूची - ३

### घर/बहाल कर

### (ऐनको दफा ४ सँग सम्बन्धित)

यस गाउँपालिका क्षेत्र भित्र घर, जग्गा, टहरो, छाप्रो, पसल, ग्यारेज, गाडी, मेसिनरी औजार, डोजर लगायत निर्माणका साधन र अन्य साधनहरु भाडामा लगाए वापत भाडा रकमको १० प्रतिशत बहाल कर लाग्ने छ तर ढुवानी प्रयोजनका लागि भने लगाइएको भाडामा २.५ प्रतिशत बहाल कर लाग्ने छ।

## अनुसूची – ४

### व्यवसाय कर

(ऐनको दफा ५ सँग सम्वन्धित)

| क. सं. | राजश्वका क्षेत्रहरु – विवरण | राजश्वका क्षेत्रहरु – विस्तृत विवरण | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १ | गल्ला पसल | थोक/VAT मा दर्ता भएका | ३००० | |
| २ | किराना पसल | थोक/VAT मा दर्ता भएका | २५०० | |
| ३ | हार्डवेयर पसल | थोक/VAT मा दर्ता भएका | ३५०० | |
| ४ | खुद्रा | PAN मा दर्ता भएका | १००० | |
| ५ | खुद्रा | PAN मा दर्ता नभएका | २००० | |
| ६ | पार्लर | व्युटी पार्लर | १५०० | |
| ७ | पार्लर | हेयर कटिङ्ग | १००० | |
| ८ | सवारी साधन खरिद विक्री | २ पाङ्ग्रे (शोरुम) | ५००० | |
| ९ | सवारी साधन खरिद विक्री | ४ पाङ्ग्रे (शोरुम) | १०००० | |
| १० | सवारी साधन खरिद विक्री | २ र ४ पाङ्ग्रे दुवै (शोरुम) | १५००० | |
| ११ | कलर ल्याव | ------------ | १००० | |
| १२ | केवल संचालन | टेलिभिजन केवल | २००० | |
| १३ | बैङ्क तथा वित्तिय संस्था | बैङ्क (सरकारी) | २५००० | |
| १४ | बैङ्क तथा वित्तिय संस्था | बैङ्क (निजी 'क' बर्ग) | २५००० | |
| १५ | बैङ्क तथा वित्तिय संस्था | बैङ्क (निजी 'ख' बर्ग) | २०००० | |
| १६ | बैङ्क तथा वित्तिय संस्था | बैङ्क (निजी/लघुवित्त वित्तिय संस्था) | ५००० | |
| १७ | बैङ्क तथा वित्तिय संस्था | सहकारी (१ करोड भन्दावढि कुल पुँजी भएको) | १००० | |
| १८ | बैङ्क तथा वित्तिय संस्था | सहकारी (१ करोड सम्म कुल पुँजी भएको) | ५०० | |
| १९ | बैङ्क तथा वित्तिय संस्था | मनि ट्रान्सफर | ३००० | |
| २० | निर्माण व्यवसायी | 'क' बर्ग | २५००० | |
| २१ | निर्माण व्यवसायी | 'ख' बर्ग | २०००० | |
| २२ | निर्माण व्यवसायी | 'ग' बर्ग | १५००० | |
| २३ | निर्माण व्यवसायी | 'घ' बर्ग नवीकरण | १०००० | |
| २४ | पसल /व्यवसाय | औषधि पसल VAT मा दर्ता भएको | ३५०० | |
| २५ | पसल /व्यवसाय | औषधि पसल PAN मा दर्ता भएको | १५०० | |
| २६ | पसल /व्यवसाय | पोलिक्लिनिक | १२००० | |
| २७ | पसल /व्यवसाय | नीजि अस्पताल/नर्सिङ होम | ५००० | |
| २८ | पसल /व्यवसाय | आयुर्वेदिक अस्पताल दर्ता | ५००० | |
| २९ | पसल /व्यवसाय | आयुर्वेदिक अस्पताल नवीकरण | २५०० | |
| ३० | पसल /व्यवसाय | आयुर्वेदिक औषधि पसलदर्ता | १००० | |
| ३१ | पसल /व्यवसाय | आयुर्वेदिक औषधि पसल नवीकरण | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | पसल /व्यवसाय | माछा विक्री पसल | १५०० | |
| ३३ | | दुध डेरी | १००० | |
| ३४ | | सुर्तीजन्य पसल | १५०० | |
| ३५ | | मदिरा पसल | ४००० | |
| ३६ | | डिलर प्रति ब्राण्ड (घुम्ती)/घुम्ति व्यवसाय प्रति व्यक्ति | ५००० | |
| ३७ | | ईन्टरनेटसर्भिस प्रोभाईडर | ३००० | |
| ३८ | | टेलरिङ्ग सादा | १००० | |
| ३९ | | टेलरिङ्ग कपडा सहित | १५०० | |
| ४० | | फोटो सहित भिडियोग्राफी | १५०० | |
| ४१ | | साईनबोर्ड पेन्टिङ्ग/आर्ट | १५०० | |
| ४२ | | टेण्ट/क्याटरिङ्ग | ३००० | |
| ४३ | | मिष्ठान्न भण्डार | १००० | |
| ४४ | | एग्रोभेटबिउ बिजन | १००० | |
| ४५ | | घडी/रेडियो/टिभि/मोवाईल मर्मत | १२०० | |
| ४६ | | सवारी साधनपाटपुर्जा बिक्रि/मर्मत केन्द्र | ३००० | |
| ४७ | | सुन पसल | ३००० | |
| ४८ | संचार क्षेत्र | टेलिभिजन च्यानल | ५००० | |
| ४९ | | एफएम रेडियो | ३००० | |
| ५० | | पत्र पत्रिका छापाखाना | ३००० | |
| ५१ | | अनलाईन छापा | १००० | |
| ५२ | होटल/लज व्यवसाय | पर्यटक स्तरको | ५००० | |
| ५३ | | सुत्ने, खाने, चमेना समेत व्यवस्था भएको | ३००० | |
| ५४ | | बार समेतको रेष्टुरेन्ट | २००० | |
| ५५ | | चिया पसल सामान्य रेष्टुरेन्ट | ५०० | |
| ५६ | घरेलु कृषि उद्योग पशु घरेलु कुटीर गाई/पोल्ट्री फार्म/कृषि समूह | (गाई/भैंसी कम्तिमा ५ वटा र माउ बाखा कम्तिमा १० वटा) सुरुमा दर्ता गर्दा | ५०० | |
| ५७ | | (गाई/भैंसी कम्तिमा ५ वटा र माउ बाखा कम्तिमा १० वटा) नवीकरण गर्दा | २०० | |
| ५८ | | पोल्ट्री फर्म दर्ता ५० देखी ५०० सम्म सानो | ५०० | |
| ५९ | | पोल्ट्री फर्म नवीकरण ५० देखी ५०० सम्म सानो | २०० | |
| ६० | | पोल्ट्री फर्म दर्ता ५०० भन्दा माथि | १००० | |
| ६१ | | पोल्ट्री फर्म नवीकरण ५०० भन्दा माथि | २०० | |
| ६२ | | कृषि/पशु समुह दर्ता | ५०० | |
| ६३ | | कृषि/पशु समूह नवीकरण | २०० | |
| ६४ | | अन्य फर्म दर्ता दस्तुर | ५०० | |
| ६५ | | अन्य फर्म नवीकरण दस्तुर | २०० | |

| | | | | |
|---|---|---|---|---|
| ६६ | घरेलु कृषि उद्योग पशु, घरेलु, कुटीर, गाई/पोल्ट्री फार्म/कृषि समुह | प्रतिलिपि दस्तुर | १०० | |
| ६७ | | खारेजी दस्तुर | १०० | |
| ६८ | ड्राईक्लिनर | ———— | १००० | |
| ६९ | होस्टेल | ———— | २००० | |
| ७० | कुरीयर | कुरीयर सेवा संचालन | ५०० | |
| ७१ | सोलार/सौर्य उर्जा | ———— | ५०० | |
| ७२ | चलचित्र हल | ———— | १०००० | |
| ७३ | कन्सल्टेन्सी/परामर्श सेवा केन्द्र | | ५००० | |
| ७४ | उद्योग कलकारखाना शुल्क | छापाखाना (अफसेट प्रेस) | ३००० | |
| ७५ | | ईट्टा/टायल/सेनेटरी उद्योग | ५००० | |
| ७६ | | धान/तोरी कुटानी पिसानी मिल | ५०० | |
| ७७ | | घरेलु जुत्ता उद्योग/पसल | १००० | |
| ७८ | | भाँडा/तामा-पित्तलका भाँडा तथा कलात्मक मूर्ती बनाउने/बेच्ने ठाउँ | १५०० | |
| ७९ | | आलमुनियम, ग्रिल तथा स्टील | ५००० | |
| ८० | | फर्निचर/फर्निसिङ पसल | ३००० | |
| ८१ | | फर्निचर तथा काष्ठ उद्योग | ५००० | |
| ८२ | | पेट्रोल पम्प | १०००० | |
| ८३ | | क्रसर उद्योग | १५००० | |
| ८१ | | मिनि क्रसर उद्योग | ५००० | |
| ८५ | | पाउरोटी/चाउमिन | २००० | |

गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

## अनुसूची - ५

### फोहर व्यवस्थापन कर

(ऐनको दफा ७ सँग सम्बन्धित)

| क्र. सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर मासिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | फोहरमैला उठ्ने क्षेत्रहरु | प्रति घर | १०० | घर र पसल एकै ठाउँमा भए रु.१५० |
| २ | | बहुउदेश्यीय सभाहल प्रयोग प्रति कार्यक्रम सरसफाई शुल्क | १००० | |
| ३ | | पसल/छाप्रो/क्लिनिक/ल्याव | १०० | |
| ४ | | रेष्टुरेन्ट | १०० | |
| ५ | | मासु पसल | १५० | |
| ६ | | गेष्ट हाउस | २५० | |
| ७ | | विद्यालय | १५० | |
| ८ | | अन्य | १०० | |

नोटः कवाडी समानको निकासी गर्दा गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रचलित बजार रेट समेतलाई मध्यनजर गरी आवश्यकताअनुसार खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई गर्ने।

## अनुसूची - ६

### सवारी साधन कर

(ऐनको दफा ८ सँग सम्वन्धित)

| क्र.सं. | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | डोजर दर्ता गर्दा | व्याकहो लोडर लगायत टायरवाला | १२००० | |
| २ | | एक्साभेटर लगायत चेनवाला | २२००० | |
| ३ | डोजर नविकरण गर्दा | व्याकहो लोडर लगायत टायरवाला | ७००० | |
| ४ | | एक्साभेटर लगायत चेनवाला | १२००० | |

## अनुसूची - ७

### मनोरञ्जन कर

(ऐनको दफा ९ सँग सम्बन्धित)

| क्र.स | राजश्वका क्षेत्रहरु | | राजश्व दर वार्षिक (रु.मा) | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १. | मेला महोत्सव | टिकट विक्रिको | १ प्रतिशत | प्रति मेला महोत्सव |
| २. | खेलकुद लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | टिकट विक्रिको | ०.२५प्रतिशत | प्रति कार्यक्रम |

# सेवा शुल्क दस्तुर

## (ऐनको दफा १० सँग सम्वन्धित)

| क.स | राजश्वका क्षेत्रहरु | | राजश्व दर (रु.मा)/पटक | कैफियत |
|---|---|---|---|---|
| | विवरण | विस्तृत विवरण | | |
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने (नेपालीमा) | २०० | |
| २ | | नाता प्रमाणित गर्ने (अंग्रेजीमा) | ५०० | |
| ३ | | जन्म मिति प्रमाणित (नेपाली) | २०० | |
| ४ | | जन्म मिति प्रमाणित (अंग्रेजी) | ५०० | |
| ५ | | विवाह प्रमाणित (नेपाली) | २०० | |
| ६ | | विवाह प्रमाणित (अंग्रेजी) | ५०० | |
| ७ | | विवाहित / अविवाहित प्रमाणित (नेपाली) | २०० | |
| ८ | | विवाहित / अविवाहित प्रमाणित (अंग्रेजी) | ५०० | |
| ९ | | घर/बाटो प्रमाणित गर्ने | ३०० | |
| १० | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २०० | |
| ११ | | नाता प्रमाणित गर्ने नेपाली | २०० | |
| १२ | | नाता प्रमाणित गर्ने अंग्रेजी | ५०० | |
| १३ | | हकवाला वा हकदार प्रमाणित गर्ने | २०० | |
| १४ | | कागज/मन्जुरीनामा प्रमाणित गर्ने | २०० | |
| १५ | | जग्गा/धितो मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने रु २० लाख सम्मको लागि | २००० | |
| १६ | | जग्गा/धितो मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने रु २० लाख भन्दा माथिको लागि | ०.१० प्रतिशत | |
| १७ | | आर्थिक अवस्था कमजोर/न्यून वा विपन्नता प्रमाणित | निःशुल्क | |
| १८ | | संरक्षक प्रमाणित गर्ने | २०० | |
| १९ | | २० लाख भन्दा माथी वडामा तमसुकमा साक्षी बसेको | २०० | |
| २० | | आर्थिक अवस्था बलियो वा सम्पन्नता/आम्दानी प्रमाणित रु १० लाख सम्मको लागि | ५०० | |
| २१ | | आर्थिक अवस्था बलियो वा सम्पन्नता/आम्दानी प्रमाणित रु १० लाख भन्दा माथिको लागि | ०.१० प्रतिशत | |
| २२ | | कृषि आम्दानी प्रमाणित | १००० | |
| २३ | सिफारिस जन्य शुल्क | अंग्रेजी माध्यममा विविध प्रकारका सिफारिस तथा प्रमाणित गर्ने | ५०० | |
| २४ | | अपाङ्गता सिफारिस/जेष्ठ नागरिक सिफारिस | निःशुल्क | |
| २५ | | नावालक परिचयपत्र सिफारिस | २०० | |
| २६ | | व्यक्तिगत संरक्षक सिफारिस गर्ने | २०० | |
| २७ | | संस्थागत संरक्षक सिफारिस गर्ने | २०० | |
| २८ | | नागरिकता सिफारिस | २०० | |
| २९ | | नागरिकता प्रतिलिपि सिफारिस | २०० | |

| | | | | |
|---|---|---|---|---|
| ३० | | बैवाहिक/अंगीकृत नागरिकता सिफारिस | ५०० | |
| ३१ | | छात्रवृत्ति सिफारिस | ५०० | |
| ३२ | | बहाल करको लेखाजोखा सिफारिस | २०० | |
| ३३ | | मोही लगत कट्टाको सिफारिस | २०० | |
| ३४ | | घर जग्गा करको लेखाजोखा गरी सिफारिस गर्ने | २०० | |
| ३५ | | व्यापार व्यावसाय बन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस गर्ने | २०० | |
| ३६ | | मिलापत्रको कागज गराउने निवेदन दर्ता/सिफारिस गर्ने | २०० | |
| ३७ | | नि:शुल्क स्वास्थ्य उपचार सिफारिस | नि:शुल्क | |
| ३८ | | स-शुल्क स्वास्थ्य उपचार सिफारिस | २०० | |
| ३९ | | पुर्जामा पक्की घर कायम गर्न सिफारिस | २०० | |
| ४० | | पुर्जामा कच्ची घर कायम गर्न सिफारिस | १०० | |
| ४१ | | चार किल्ला सिमाना कायम/प्रमाणित-कृषि प्रयोजन | २०० | |
| ४२ | | चार किल्ला सिमाना कायम/प्रमाणित अन्य प्रयोजन | ५०० | |
| ४३ | | नक्सा पास दस्तुर प्रति स्क्वायर फूट (पक्की घरको लागी) | ८ | |
| ४४ | | नक्सा पास दस्तुर प्रति स्क्वायर फूट (कच्ची घरको लागी | ४ | |
| ४५ | सिफारिस जन्य शुल्क | फरक-फरक नाम थर जन्ममिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | |
| ४६ | | नाम थर वा जन्ममिति संशोधनको सिफारिस | २०० | |
| ४७ | | अस्थायी/स्थायी बसोवास सिफारिस | २०० | |
| ४८ | | जग्गा दर्ता सिफारिस | २०० | |
| ४९ | | जग्गाधनी पुर्जा हराएको सिफारिस | २०० | |
| ५० | | कित्ताकाट गर्न सिफारिस | २०० | |
| ५१ | | नामसारी गर्न सिफारिस | २०० | |
| ५२ | | जग्गाको हक सम्वन्धमा सिफारिस | २०० | |
| ५३ | | घर बाटो भएको सिफारिस | ५०० | |
| ५४ | | घर बाटो नभएको सिफारिस | २०० | |
| ५५ | | सर्जिमिन सिफारिस | ५०० | |
| ५६ | | दुर्घटना/विपद्/प्रकोप सर्जिमिन | नि:शुल्क | |
| ५७ | | जीवित रहेको सिफारिस | २०० | |
| ५८ | | उद्योग ठाउँसारी गर्न सिफारिस | २०० | |
| ५९ | | आधारभूत विद्यालय दर्ता | २००० | |
| ६० | | माध्यमिक विद्यालय दर्ता | १०००० | |
| ६१ | | नीजि आधारभूत विद्यालय दर्ता | १०००० | |
| ६२ | | नीजि माध्यमिक विद्यालय दर्ता | २०००० | |
| ६३ | | नीजि आधारभूत विद्यालय नवीकरण | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ६४ | सिफारिस जन्य शुल्क | नीजि माध्यमिक विद्यालय नवीकरण | २००० | |
| ६५ | | ट्युसन (कोचिङ्ग) सेन्टर दर्ता | १००० | |
| ६६ | | कम्प्युटर इन्स्टिच्युट दर्ता | २००० | |
| ६७ | | प्राविधिक शिक्षालय दर्ता | १०००० | |
| ६८ | | प्राविधिक शिक्षालय नवीकरण | १५०० | |
| ६९ | | विद्यालयको कक्षा थप्न सिफारिस(प्रति कक्षा) | ५०० | |
| ७० | | विद्यालयको ठाउँसारी गर्न सिफारिस | ५०० | |
| ७१ | | पालन पोषणका लागि सिफारिस | २०० | |
| ७२ | | धारा जडानको लागि सिफारिस | २०० | |
| ७३ | | विद्युत जडानको सिफारिस | २०० | |
| ७४ | | संस्था दर्ता सिफारिस | २०० | |
| ७५ | शिक्षा सम्बन्धी | कक्षा ५ र ८ को ग्रेडसिट प्रतिलिपि | १०० | |
| ७६ | | कक्षा ५ र ८ को नतिजा पुनरावलोकन/प्रति विषय | ५० | |
| ७७ | | लेखा परिक्षणका लागि फर्म सुचिकृत | १५०० | |
| ७८ | | विषय विज्ञ प्रा.वि. | १००० | |
| ७९ | | विषय विज्ञ नि.मा.वि. | १५०० | |
| ८० | | विषय विज्ञ मा.वि. | २००० | |
| ८१ | | विषय विज्ञ उ.मा.वि. | २५०० | |
| ८२ | | शिक्षक सरुवा सहमति/अनुमति | ५०० | |
| ८३ | विविध सिफारिस | कोठा खोल्ने कार्य रोहवरमा वस्ने | ५०० | |
| ८४ | | कक्षा थप सिफारिस/प्रति कक्षा | ५००० | |
| ८५ | | योजना संझौता सिफारिस | २०० | |
| ८६ | | योजनाको भुक्तानी/फरफारक सिफारिस | २०० | |
| ८७ | | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निःशुल्क | |
| ८८ | | उद्योग दर्ता सिफारिस | २०० | |
| ८९ | | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | |
| ९० | व्यक्तिगत घटना दर्ता जरिवाना शुल्क | जन्म दर्ता | २०० | ३५ दिनभित्र निःशुल्क |
| ९१ | | विवाह दर्ता | २०० | |
| ९२ | | मृत्यु दर्ता | २०० | |
| ९३ | | बसाई सराई (आउने/जाने) | २०० | |
| ९४ | | सम्वन्ध विच्छेद | २०० | |
| ९५ | | जन्म, विवाह, मृत्यु, बसाई सराई र सम्बन्ध विच्छेदको प्रतिलिपि दस्तुर | ५०० | |
| ९६ | न्यायिक समितितर्फ | निवेदन पेश गर्दा | २०० | |
| ९७ | | प्रतिउत्तर पत्र पेश गर्दा | ५० | |
| ९८ | | मेलमिलाप दस्तुर | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ९९ | न्यायिक समितितर्फ | सक्कलको नक्कल उतार प्रति | २०० | |
| १०० | | न्यायिक समितिको निर्णय (प्रति पृष्ठ) | ५० | |
| १०१ | | लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा (प्रति पानाको) | १० | |
| १०२ | जडिबुटी/वन पैदावर सम्बन्धी | सिमल (प्रति क्युफिट) | ८ | |
| १०३ | | सल्लो (प्रति बोट) | १० | |
| १०४ | | खयर (प्रति क्युफिट) | २५ | |
| १०५ | | चाप (क्युफिट) | २५ | |
| १०६ | | मसुरी कटुस (प्रति बोट) | १२ | |
| १०७ | | जडिवुटी दालचिनी तेजपात (प्रति केजी) | १ | |
| १०८ | | काउलोको बोक्रा (प्रति केजी) | १ | |
| १०६ | | चौतारीको बोक्रा (प्रति केजी) | १ | |
| १०९ | | टिमुर (प्रति केजी) | २० | |
| ११० | | सुगन्धवाला जटामसी (प्रति केजी) | ५ | |
| ११२ | | पाखनवेद (प्रति केजी) | १० | |
| ११३ | | झ्याउ (प्रति केजी) | ५ | |
| ११४ | | टुनी (प्रति बोट) | ३०० | |
| ११५ | | सिसौ (प्रति बोट) | २०० | |
| ११६ | | श्रीखण्ड (प्रति क्यू फिट) | ५०० | |
| ११७ | | अन्य सुकाठ (प्रति बोट) | ३०० | |
| ११८ | | अन्य कुकाठ (प्रति बोट) | १२० | |
| ११९ | समूह संस्था दर्ता/नविकरण | सेवामूलक दर्ता | ५०० | |
| १२० | | सेवामूलक नवीकरण | २०० | |
| १२१ | | नाफामूलक दर्ता | १००० | |
| १२२ | | नाफामूलक नवीकरण | ५०० | |
| १२३ | | उपभोक्ता समिति/टोल विकास समिति दर्ता | ३०० | |
| १२४ | | उपभोक्ता समिति/टोल विकास समिति नवीकरण | २०० | |
| १२५ | | प्रतिलिपि दस्तुर | १०० | |
| १२६ | | खारेजी दस्तुर | १०० | |
| १२७ | जलविद्युततर्फ | १०० कि.वा (बार्षिक) | १०००० | वार्षिक |
| १२८ | | ५०० कि.वा (बार्षिक) | १५००० | |
| १२९ | | १ मे.वा (बार्षिक) | २०००० | |
| १३० | | २.५ मे.वा (बार्षिक) | २५००० | |
| १३१ | | ५ मे.वा (बार्षिक) | ३५००० | |
| १३२ | | ५ मे.वा भन्दा माथि (बार्षिक) | ५५००० | |

युवराज शर्मा अध्यक्ष

चन्द्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

नोटः-

१. एउटै शीर्षक वा एउटै प्रकृतिका शीर्षकमा उल्लेखित दररेट फरक-फरक पाइएमा ठुलो रकमलाई मान्यता दिइने।

२. कुनै शीर्षक उल्लेख नभएको भए VAT/PAN मा उल्लेखित रकमलाई सोही शीर्षकको दररेट मानी राजस्व लिने।

३. नवीकरण उल्लेख नगरेका विषयहरुमा सोही रकमलाई नै नवीकरणको दर मान्ने।

४. जुनसुकै प्रकारले सञ्चालित क्रसर उद्योगबाट शुल्क असुल गर्ने।